# भाग ५

## नेपाल सरकार

## ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयको

## सूचना

नेपाल सरकारले जाँचबुझ आयोग ऐन, २०२६ को दफा ३ को उपदफा (२) बमोजिम डेडिकेटेड फिडर तथा ट्रङ्क लाइनबाट विद्युत उपभोग गर्ने ग्राहकहरूको विद्युत महसुलसम्बन्धी विवाद समाधानको लागि जाँचबुझ गर्न देहाय बमोजिमको जाँचबुझ आयोग गठन गरेकोले सोही दफाको उपदफा (३) को प्रयोजनको लागि यो सूचना प्रकाशन गरिएको छः-

**१. जाँचबुझ आयोगः**

(क) सर्वोच्च अदालतका पूर्वन्यायाधीश श्री गिरिशचन्द्र लाल - अध्यक्ष

(ख) ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका सचिव (जलस्रोत तथा सिँचाइ) -सदस्य

(ग) उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिव (वाणिज्य तथा आपूर्ति) -सदस्य

**२. जाँचबुझ आयोगको कार्यदिशः**

डेडिकेटेड फिडर तथा ट्रङ्क लाइनको विद्युत महसुलको सम्बन्धमा नेपाल विद्युत प्राधिकरण र उद्योगी, व्यवसायी बीच देखिएको विवादको समाधानका लागि जाँचबुझ गरी



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सुझावसहितको प्रतिवेदन एक महिनाभित्र नेपाल सरकारसमक्ष पेस गर्ने।

३. **जाँचबुझ आयोगका अध्यक्षको पारिश्रमिक तथा सुविधाः**

जाँचबुझ आयोगका अध्यक्षलाई पारिश्रमिक बापत एकमुष्ट एक लाख पचास हजार रुपैयाँ र आयोगको कार्य अवधिभरको लागि एक थान सवारी साधन उपलब्ध गराउने ।

४. **जनशक्ति तथा बजेटः**

(क) जाँचबुझ आयोगले आवश्यकता अनुसार विज्ञ तथा कर्मचारीलाई आमन्त्रण गर्न सक्ने र बैठकमा उपस्थित पदाधिकारी र कर्मचारीलाई नियम अनुसारको बैठक भत्ता उपलब्ध गराउने,

(ख) जाँचबुझ आयोगलाई आवश्यक पर्ने बजेटको व्यवस्था अर्थ मन्त्रालयले र जनशक्ति लगायतका अन्य स्रोत साधनको व्यवस्था ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयले गर्ने।

**आज्ञाले,**
**गोपाल प्रसाद सिग्देल**
**नेपाल सरकारको सचिव ।**



**मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू.५।–**
**गो.हु.द.नं. १६।२०६२।६३**

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।